मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २७ ◆ अङ्क : २९४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ भदौ २४ गते शुक्रबार (Friday, September 9. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## प्रहरीलाई आर्थिक प्रलोभनमा पार्न खोजेपछि...

**काठमाडौं, भदौ २३।** प्रहरीलाई आर्थिक प्रलोभनमा पार्न खोजेको अभियोगमा काठमाडौं कागेश्वरी मनहरा नगरपालिका-२ आलापोट बस्ने ३१ वर्षीय रोशन बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ।

मध्यपुर ठिमी नगरपालिका-१ लोकन्थलीस्थित ड्युटीमा खटिएको प्रहरीले बा.८८प ४७८५ नम्बरको मोटरसाइकल चेकजाँच गर्ने क्रममा मोटरसाइकल चालक रोशनले मादकपदार्थ सेवन गरी सवारी साधन चलाएको पाइएपछि उनले प्रहरीलाई नगद तीन हजार ५० रुपैयाँ दिई आर्थिक प्रलोभनमा पार्न खोजेपश्चात उक्त नगद र मोटरसाइकलसहित उनलाई प्रहरीले पक्राउ गरेको हो।

# बिर्तामोड–बुधबारे सडकको स्तरोन्नति गरिँदै

**झापा, भदौ २३।** झापाको बिर्तामोडस्थित मुक्ति चोकदेखि बुधवारेसम्मको सडकको स्तरोन्नति गरिने भएको छ।

बिर्तामोडस्थित मुक्ति चोकदेखि महानन्द चोक उत्तरसम्म चार लेन र बाँकी सडकलाई दुई लेनमा स्तरोन्नति गरिन लागेको हो। स्तरोन्नति गरिने सडक बिर्तामोडस्थित मुक्तिचोकबाट उत्तर शनिश्चरे रोड हुँदै कप्तानबारी चोक पूर्व पुष्पलाल चोक- बिहीवारे हाट, खरबन्दी- बुद्धचोक- कालिस्थान बजार- बुद्धशान्ति-२ जयपुर बुधवारे सडकसम्म रहने बताइएको छ।



२५ करोड रुपैयाँको लागतमा सडकको स्तरोन्नति गरिन लागेको हो। सडक निर्माणका लागि शान्ति निर्माण सेवा बिर्तामोड-२ ले ठेक्का लिएको र सडक सर्बेको काम भइरहेको बताइएको छ।

सडक निर्माणका लागि दुई महिना अघि नै सम्झौता भएको र बर्षाका कारण सडक निर्माणमा ढिलाइ भएको शान्ति निर्माण सेवाका सञ्चालक फणिन्द्र तिम्सिनाले बताए। उनले भने- सडक डिभिजन कार्यालयले सर्बे सकेलगत्तै हामी पनि सर्बे गर्छौं र तत्काल सडकको स्तरोन्नति गर्नेछौं।

झापा क्षेत्र नम्वर २ बाट निर्बाचित प्रतिनिधि सभा सदस्य पवित्रा निरौला खरेलको पहलमा निर्वाचन क्षेत्र अन्तर्गत रणनीतिक सडकका रुपमा मुक्ति चोकदेखि बुधवारेसम्मको सडकको स्तरोन्नति गर्न लागिएको हो। भदौको दोस्रो साताबाट सो सडकको स्तरोन्नति गर्ने भनिए पनि बर्षाका कारण समस्या देखिएकाले सडक निर्माणमा ढिलाइ भएको प्रतिनिधिसभा सदस्य निरौलाका स्वकीय सचिव लीला आचार्यले बताइन्।

यसैबीच समयमा सडक निर्माण नगरिएको भन्दै त्यस क्षेत्रका स्थानीयवासी आन्दोलित भएका छन्। अर्जुनधारा-६को कप्तानबारी-बिर्तामोडसम्मको सडक भत्किँदा पनि नियमनकारी निकायले चासो नदेखाएको भन्दै स्थानीयबासीले आन्दोलित भएका हुन्। उनीहरुले समयमा सडक नबन्दा आफूहरुले सास्ती खेप्नु परेको बताउँदै आएका छन्।

## बालिका करणी अभियोगमा पक्राउ

**झापा, भदौ २३।** झापाको शिवसताक्षी नगरपालिका-४मा ५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा एक व्यक्ति पक्राउ परेका छन्।

पक्राउ पर्नेमा सोही ठाउँ निवासी ५६ वर्षीय छत्रबहादुर बुढाथोकी रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। बुढाथोकीले गत भदौ १० गतेसाँझ बालिकालाई जबरजस्ती करणी गरेको प्रहरी समक्ष उजुरी पर्नासाथ शुक्रवार दिउँसो उनलाई पक्राउ गरिएको बताइएको छ।

बुढाथोकीलाई इलाका प्रहरी कार्यालय झिलझिलेबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको र थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक कैलाश अधिकारीले जानकारी दिए।

यसैबीच पछिल्लो एक वर्षमा झापामा २५ वटा बाल यौन दुर्व्यवहारका घटना घटेका छन्। जिल्ला प्रहरी कार्यालय झापाले दिएको जानकारी अनुसार यौनजन्य हिंसाका १४८ वटा घटनामध्ये बालयौन दुरुपयोगका घटना मात्रै २५ वटा घटेका हुन्। घटनामा संलग्न २३ जना पुरुषलाई जिल्ला प्रहरी कार्यालय झापाले पक्राउ गरेको छ।

प्रहरीका अनुसार जबरजस्ती करणीका ९६, जवरजस्ती करणी गरी मानव बेचविखन १, कसुरजन्य कार्य गरेको १, बालयौन दुरुपयोग २५ र जवरजस्ती करणी उद्योगमा २५ वटा घटना जिल्ला प्रहरी कार्यालय झापामा दर्ता भएका छन्।

घटनामा संलग्नमध्ये एक जना विदेशी नागरिक समेत पक्राउ परेका छन्। प्रहरीका अनुसार जबरजस्ती करणी गरेको आरोपमा संलग्नमध्ये ७९ जना स्वदेशी पुरुष पक्राउ परेका छन् भने एक जना विदेशी गरी ८० जना रहेका छन्।

त्यस्तै जवरजस्ती करणी गरी मानव बेचविखन गरेको आरोपमा २ पुरुष, बाल यौन दुरुपयोगको आरोपमा २३ जना र जवरजस्ती कराणी उद्योगमा २२ जना पक्राउ परेका हुन्।

## अतिक्रमित संरचना हटाउँदै बिर्तामोड नगरपालिका

**झापा, भदौ २३।** सरकारी जमिन अतिक्रमण गरी अनधिकृत रुपमा बनाइएका भौतिक संरचना बिर्तामोड नगरपालिकाले हटाउने भएको छ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बिनोदकुमार न्यौपानेले सार्बजनिक सूचना जारी गर्दै सार्वजनिक पैनी, कुलो र सडक क्षेत्र अतिक्रमण गरी अनधिकृत रुपमा निर्माण गरिएका भौतिक संरचना १५ दिनभित्र हटाउन अनुरोध गरेका छन्। सूचनाको बेवास्ता गरी भौतिक संरचनाहरु नहटाएमा कानून बमोजिम कार्वाही प्रक्रिया अघि बढाइने नगरपालिकाद्वारा जारी सूचनामा उल्लेख छ।

बिर्तामोड नगरक्षेत्रभित्र पैनी, कुलो र सडकको कैंयौ विगाह जग्गा अतिक्रमण गरी भौतिक संरचना निर्माण गरिएको छ। बिर्तामोड-भद्रपुर सडकखण्डको मेची आँखा अस्पतालको दक्षिणसम्म व्यवसायीहरुले ट्रस

(बाँकी अन्तिम पृष्ठमा)

## असोज १० गते प्रथम जिल्लास्तरीय तेक्वान्दो



**अर्जुनधारा, भदौ २३।** नेपाल खेलकुद महासंघ(नेकोस) अर्जुनधारा नगर कमिटीको आयोजनामा आगामी असोज १० गते प्रथम जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता हुने भएको छ।

विजयादशमीको अवसर र खेलकुद क्षेत्रको प्रबर्द्धन गर्ने उद्देश्यले उक्त प्रतियोगिताको आयोजना गरिएको बिहीबार आयोजित पत्रकार सम्मेलनमा महासंघका अध्यक्ष हेमलाल परियारले जानकारी दिए।

अर्जुनधारा-८स्थित शनिश्चरे माध्यमिक बिद्यालयको प्राङ्गणमा सञ्चालन हुने प्रतियोगितामा जिल्लास्थित २२ वटा डोजाङका १५० जना खेलाडीको सहभागिता रहने महासंघका कोषाध्यक्ष एवम् प्रतियोगिताका संयोजक विवेक गिरीले जानकारी दिए।

प्रतियोगिता अन्तर्गत पुरुषतर्फ ३३ तल, ३७ तल, ४१ तल, ४५ तल, ४९ तल, ५४ तल र ५८ तल तथा महिलातर्फ ३७ तल, ४१ तल, ४४ तल, ४७ तल र ५१ तलको तौल समूहमा प्रतिष्पर्धा हुनेछ। त्यसैगरी पुरुष र महिला जुनियर पुम्से पनि हुने बताइएको छ।

महासंघका अध्यक्ष परियारको अध्यक्षता र महासंघका केन्द्रीय सचिवालय सदस्य रवीन खरेलको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्का सहायक प्रशिक्षक जीतेन मेचे, झापा जिल्ला तेक्वान्दो संघका उपाध्यक्ष कुमार भट्टराई, बाह्रघरे सितोरियो कराते डोजोका अध्यक्ष नारद नेपाललगायतले मन्तव्य राखेका थिए।

कार्यक्रममा महासंघ प्रदेश कमिटीका सदस्य जीवन राई, झापाका अध्यक्ष भवानी बराललगायतले प्रतियोगिताको विषयमा जानकारी गराएका थिए। महासंघका उपाध्यक्ष गोविन्द खतिवडाले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन सचिव आनन्द कट्टेलले गरेका थिए।

**डाक्टर आउने बारेको सूचना**

**यहि मिति २०७९ साल भदौ २५ गते शनिबारका दिन आयुर्वेदमा एम.डी. गर्नु भएका डा. सुनिल मण्डलद्वारा स्वास्थ्य जाँच हुने सम्पूर्ण बिरामीबर्गमा जानकारी गराउँदछौं।**

**जाँच हुने समस्याहरुः–** ग्यास्ट्रिक, कब्जियत, दम, खोकी, पिनास, माइग्रेन, सुगर, प्रेसर, थाइराइड, महिला तथा पुरुषका यौन समस्या, बाथ रोग, युरिक एसिड, जण्डिस, मृगौलाको पत्थरी, दाद, एलर्जी आदि।

**समयः बिहान ८ बजेदेखि बेलुका ४ बजेसम्म**

**फोनबाट पनि नाम टिपाउन सकिनेछ।**

थप जानकारीको लागि :

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

बिर्तामोड- झापा, राजगढ बस स्टेण्ड दक्षिण

फोन ०२३-५३२३६६/९८०६०००३१३/०२३-५९०१६६

**के तपाईंको Class 12 मा NG (Non-Graded) आयो ?**

असोज ३० र ३१ गते हुने Class 12 को ग्रेड वृद्धि परीक्षाका Tuition Class

इक्जाम्टेड विद्यार्थीका निम्ति छ ओटै विषयका कोचिङ्ग कक्षाहरू संचालित छन्।

Science · Management · Humanities · Education

More Details :Mob. No. : 9804988534, Ph. No.: 023-544975

अत्याधिक विद्यार्थीहरू SLC तथा +2 पास गराउन सफल

**पाइथागोरस एजुकेशन फाउण्डेशन**

अतिथिसदन रोड, बिर्तामोड, झापा





**हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका बिशेषज्ञ बिर्तामोडमा**

**स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका बरिष्ठ डाक्टर अनिलकुमार महतो यही भाद्र २४ गते शुक्रबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदैहुनुहुन्छ। आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस्।**

**जाँच हुने समस्याहरु :**

- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

**समय : बिहान ८:०० देखि ३:००**

**स्पार्क पूर्वाञ्चल अस्पताल**

कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा

(फोन : ०२३-५३०१२३, ९८५२६७५०३३, ९८४०३२६६२)





**फूल रोप्ने तयारी**

**बिर्तामोड-भद्रपुर सडक खण्डको बिर्ताबजार नजिकै सडकको डिभाइडरमा बिरुवा रोप्ने तयारी गरिँदै। बिर्तामोड नगरपालिकाले सडकलाई सुन्दर र वातावरण मैत्री बनाउन फूल तथा विभिन्न प्रजातिका विरुवा रोप्ने अभियान शुरु गरेको हो।** **तस्वीरः सुरेन्द्र भण्डारी / पूर्वाञ्चल**

# ४८०००भन्दा बढी भूमिहीनले पाए जग्गाधनी प्रमाणपत्र

**झापा, भदौ २३।** नागरिकले आफ्नो परिवारको नाममा जग्गा नभएको भनेर गुनासो गर्नु नपरोस् भन्ने लक्ष्यका साथ सरकारले जग्गाधनी पूर्जा वितरणको कामलाई तीव्रता दिएको छ।

भूमिको स्वामित्वलाई राज्यले मौलिक हकको रुपमा परिभाषित गरेको सन्दर्भमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले योजनावद्ध रुपमा 'कोही पनि नछुटुन् कोही पनि नदोहारिउन्' भन्ने नाराका साथ सुकुम्बासीलाई जग्गा धनी बनाउने कामलाई अभियानका रुपमा अगाडि बढाएको हो।

यसका लागि राष्ट्रिय भूमि आयोगले आगामी दिनमा सुकुम्बासीको समस्या नै नरहने गरी कामलाई तीव्रता दिएको भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठले जानकारी दिए।

कित्ता नापी नापनक्सा गर्ने कार्य अन्तर्गत विशेष नापीमा कुल १३ हजार पाँच सय ९६ हेक्टरको काम सम्पन्न भएको छ। हेक्टर, गाँउब्लक नापी तीन सय आठ हेक्टर, नापी एक हजार नौ सय १० हेक्टर गरी कूल १५ हजार सात सय ४८ हेक्टर नाप नक्शा सम्पन्न भएको छ। गाउँ ब्लक, विशेष नापी र पुनः नापी गरी जम्मा ४८ हजार चार सय ७० घरपरिवारलाई हालसम्म जग्गाधनी पुर्जा वितरण भइसकेको उनको भनाइ छ।

गाउँ ब्लकको रुपमा रहेको जग्गालाई नाप नक्सा गरी लामो समयदेखि हकभोग भए पनि जग्गाधनी प्रमाण पुर्जा पाउन नसकेको नागरिकलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गर्ने कार्यलाई पनि युद्धस्तरमा अगाडि बढाइएको छ। यसले देशभर रहेको गाउँ ब्लकको समस्या समाधान हुने सरकारको विश्वास छ।

आयोगले सुकुम्बासी, अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि अधिकांश स्थानीय तहसँग सम्झौता गरिसकेको छ। केही स्थानीय तहमा भने अनेकन समस्या देखाएर समस्या समाधान गर्ने सरकारको उद्देश्यलाई कार्यान्वयनमा व्यवधान खडा गर्ने प्रयास भएको मन्त्रालयको बुझाइ छ।

केही स्थानीय तहमा भने राजनीतिक पूर्वाग्रह राखेको पाइएको छ। भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने काममा व्यवधान खडा गरिए जो प्रभावित हो उनैले संघर्ष गर्नुपर्ने अवस्था पनि आउन सक्छ- उनले भने- यसमा कुनै राजनीतिक पूर्वाग्रह नराखौं। यो देशको समस्या हो, समाधानका लागि सबैको साथ र सहयोग जरुरी रहन्छ।

आयोगले लगत संकलन, कम्प्युटरमा तथ्यांक प्रविष्ट, जग्गाको नापजाँचको काम र निस्सा वितरण कार्य एकै साथ गरिररहेको छ। चितवनको भरतपुर, सिन्धुलीको दुधौली नगरपालिकामा रहेको मुसहर बस्ती, मकवानपुरको बाग्मती गाउँपालिका, झापाको गौरादह ४ र ५, महारानी झोडा, सुर्खेतको भेरी गंगा र गुर्वाकोट र कैलालीको धनगढी-९ मा तीन सय आठ भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गाधनी प्रमाणपत्र वितरण भइसकेको छ।

त्यस्तै, कैलालीको लम्कीचुहाको बादी बस्तीमा एक सय २४ भूमिहीन दलित परिवारलाई जग्गाधनी प्रमाणपत्र उपलब्ध गराइसकिएको मन्त्री श्रेष्ठले जानकारी दिए। समग्रमा छ सय ६८ भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गाधनी पुर्जा वितरण भएको छ। कूल छ सय २४ स्थानीय तहसँग भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने लक्ष्यका साथ कार्य सहमति-पत्रमा हस्ताक्षर भएको छ। पाँच सय ५७ स्थानीय तहमा सूचना प्रकाशित भइसकेको छ भने ७० स्थानीय तहमा नापनक्साको काम शुरु भएको छ।

मन्त्री श्रेष्ठका अनुसार आयोगको सूचना प्रणालीमा पाँच लाख ८९ हजार ९४ भूमिहीनको लगत प्रविष्ट भइसकेको छ। सरकारले चालू आवमा नै भूमिहीन तथा सुकुम्बासीलाई जग्गाधनीले लामो समयदेखि भोग्नु परेको समस्या समाधानका लागि नीति तथा कार्यक्रम र बजेटको प्रबन्ध गरेको छ। सुकुम्बासी, भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई देखाएर 'केवल भोटको राजनीति गर्ने' प्रवृत्तिलाई सधैंको लागि अन्त्य गर्ने लक्ष्यका साथ सरकारले काम गरिरहेको मन्त्री श्रेष्ठको भनाइ छ।

यस्तै, पुनः स्थापना हुन बाँकी कमैया, कम्लहरी तथा हरुवा-चरुवाको पुनः स्थापनाको लागि कार्ययोजना तयार भई सोको कार्यान्वयनका लागि कार्यविधि पनि तयार भइसकेको छ। भूमि र यससँग जोडिएको विषयसँग लामो समयदेखि अध्ययन गरिरहेका, ज्ञान सिप तथा विशेषज्ञता हासिल गरेका विज्ञको रोष्टर तयार पारी राय परामर्श लिइएको र त्यसबाट दीर्घकालदेखि रहँदै आएको समस्या समाधानमा सहयोग पुग्ने सरकारको विश्वास छ।

# प्याब्सनको गतिविधि शुरु

**अर्जुनधारा, भदौ २३।** कोभिड-१९का कारण दुई वर्षदेखि स्थगित भएको निजी तथा आवासिय विद्यालय संगठन(प्याब्सन)को गतिविधि यस वर्षबाट शुरु भएको छ।

यसैबीच प्याब्सन झापाको आयोजना र प्याब्सन अर्जुनधाराको सञ्चालनमा बिहीबार अन्तरविद्यालय अतिरिक्त क्रियाकलाप प्रतियोगिता अर्जुनधारामा शुरु भएको हो।

अर्जुनधारा-११स्थित होलिका अंग्रेजी आवासीय विद्यालयको प्राङ्गणमा प्याब्सन नगरका अध्यक्ष रुद्रप्रसाद सिटौलाको अध्यक्षतामा आयोजित उक्त प्रतियोगिताको उद्घाटन वडाध्यक्ष खगेन्द्र इङ्नामले गरेका थिए।

प्याब्सनका उपाध्यक्ष एवम् प्रतियोगिताका संयोजक कुमार रायाका अनुसार प्रतियोगिता अन्तर्गत प्राथमिकतर्फ हाजिरी जवाफ र चित्रकला, निम्न माध्यमिकतर्फ हाजिरी जवाफ, श्रुतिलेखन, निबन्ध र चित्रकला तथा माध्यमिकतर्फ निबन्ध, वक्तृत्वकला र कविता वाचन प्रतियोगिता हुने बताइएको छ।

कविता वाचनतर्फ रुपेश बस्नेत र हरिनारायण भट्टराई तथा वक्तृत्वकलातर्फ प्रकाश पराजुली र सुवर्ण भट्टराई निर्णायक रहेका छन्। कार्यक्रममा प्याब्सन झापाका सल्लाहकार प्रभुकुमार श्रेष्ठ, उपाध्यक्ष टीआर गौतम, सदस्य सुमन शर्मा जम्मरकट्टेललगायतको आतिथ्य रहेको थियो।

उक्त प्रतियोगितामा २९ वटा विद्यालयका २५० जनाभन्दा बढी विद्यार्थीको सहभागिता रहने संयोजक रायाले जानकारी दिए। प्रतियोगिताको समापन र पुरस्कार वितरण कार्यक्रम ब्रिलियन्ट एजुकेशन फाउण्डेशनमा हुने बताइएको छ। उपाध्यक्ष रायाले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन सचिव राजेशकुमार आचार्यले गरेका थिए।

## बालबालिकामा कुपोषणको समस्या बढ्दै

**काठमाडौं, भदौ २३।** संयुक्त राष्ट्रसंघीय बालकोषले सोमालियाका बालबालिकामा कुपोषणको समस्या थप बढ्ने चेतावनी दिएको छ।

कोषले यहाँ केही समययतादेखि अनिकाल परिरहेकाले यसका कारण यहाँका बालबालिकामा कुपोषणको समस्या देखिएको र यो अवस्था अझै बढ्नसक्ने बताएको हो।

सोमालियाका लागि संयुक्त राष्ट्रसंघीय बालकोषका प्रतिनिधि वाफा अब्देलतेफले सो कुरा बताएका हुन्। उनले भनेका छन्- 'यहाँका बालबालिकामा अहिले पनि कुपोषणको समस्या देखिएको छ। यसैबीचमा केही समय यतादेखि खाद्यान्नको अभाव रहेको र यही अनिकालका कारण यहाँका बालबालिकामा कुपोषणको समस्या थप बढ्न सक्ने देखिएको छ।

यहाँ कुपोषणको समस्या कम्तीमा पनि १५ लाख बालबालिकामा पुगेको छ। यो संख्या यहाँको पाँच वर्ष मुनिका बालबालिकाको संख्याको करिब आधाजति नै हो।

यसरी पाँच वर्ष मुनिका बालबालिकाको संख्याको आधा जतिलाई कुपोषणको समस्या देखिनुलाई बाल स्वास्थ्यका क्षेत्रको निकै ठूलो चुनौतिका रुपमा हेर्नुपर्ने अवस्था रहेको पनि उनले बताए।

यहाँ कुपोषण देखा परेका बालबालिकाको संख्यामध्ये करिब चार लाख बालबालिकालाई त अस्पताल भर्ना गरेर राम्रोसँग उपचार नै गर्नुपर्ने अवस्था रहेको पनि बताइएको छ।

यो वर्तमान अवस्था अझै बढ्दै जाने हो भने सोमालियामा बालस्वास्थ्यका क्षेत्रमा निकै ठूलो चुनौती देखा पर्नसक्ने अवस्था रहेको पनि संयुक्त राष्ट्रसंघीय बालकोषले जनाएको छ।

गएको जनवरीदेखि यतासम्मको तथ्याङ्कमा यहाँका सात सय ३० जना कुपोषित बालबालिका खाद्यकेन्द्र तथा अस्पतालमा उपचारका क्रममा नै मृत्यु भइसकेको पनि संयुक्त राष्ट्रसंघीय बालकोषले जनाएको छ।

उम्मेदवार सिफारिस

# प्रतिनिधिसभामा सहज, प्रदेशसभामा कठिन

**पाँचथर, भदौ २३।** आगामी मंसीर ४ गतेका लागि घोषित प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यको निर्वाचनका लागि उम्मेदवार सिफारिसमा दलहरूलाई सकस परिरहेका बेला यहाँ भने फरक दृश्य देखिएको छ। एकमात्रै प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र रहेको पाँचथरमा प्रतिनिधिसभा भन्दा प्रदेशसभाका उम्मेदवार छनौट गर्न दलहरूलाई कठिन परेको छ।

गत स्थानीय निर्वाचनमा सबैभन्दा बढी मत पाएको नेकपा (एमाले)ले प्रतिनिधिसभाका लागि एकल नाम सिफारिस गऱ्यो। एमाले जिल्ला कमिटीको बैठकमा पूर्वमन्त्रीसमेत रहेका प्रतिनिधिसभा सदस्य वसन्तकुमार नेम्वाङले मात्रै उम्मेदवार बन्ने आकांक्षा राखेको सो पार्टीका सचिव विष्णुप्रसाद सापकोटाले जानकारी दिए। प्रतिनिधिसभाको समानुपातिकतर्फ पूर्वमन्त्री समेत रहेका उक्त पार्टीका केन्द्रीय सदस्य डम्बरसिंह सम्बाहाम्फे, प्रदेश कमिटी सदस्यद्वय नरेन्द्रकुमार बस्नेत र आशारत्न जबेगूको नाम सर्वसम्मत सिफारिस भएको सापकोटाको भनाइ छ।

प्रदेशसभा (क)का लागि पार्टीका जिल्ला अध्यक्ष राजकुमार भण्डारीलाई उम्मेदवार बनाउने सर्वसम्मत निर्णय गरेको सो दलले प्रदेशसभा (ख) मा भने जिल्लामा सहमति जुटाउन सकेन। तीन दिनसम्म प्रयास गर्दासमेत जिल्लामा सहमति नजुटेपछि तीन जना आकांक्षीको नाम प्रदेश कमिटीमा पठाइएको सापकोटाले जानकारी दिए। एमालेले सो क्षेत्रको उम्मेदवारका लागि केन्द्रीय सदस्य अइन्द्रसुन्दर नेम्वाङ, प्रदेश कमिटी सदस्य कृष्णकुमार आङ्देम्बे र जिल्ला कमिटी उपाध्यक्ष धनकुमार फियाकको नाम सिफारिस गरेको हो।

प्रदेशमा समानुपातिकतर्फ उम्मेदवार बन्ने आकांक्षी नेताहरूको पनि एमालेमा ठूलो संख्या रहेको सापकोटाले बताए। केन्द्रीय सदस्य श्रीप्रसाद जबेगूसहित आठ-दश जना नेताहरूले प्रदेश समानुपातिकको उम्मेदवार बन्ने चाहना राख्नुभएको छ- उनले भने।

नेपाली कांग्रेसले सामान्य असन्तुष्टिका बाबजुद प्रतिनिधिसभा सदस्यको उम्मेदवारमा सहमहामन्त्री भीष्मराज आङ्देम्बेको एकल नाम सिफारिस गऱ्यो। जिल्ला कार्यसमितिका उपसभापति डिकेन्द्रकुमार चेम्जोङ र फिदिम नगर कार्यसमितिका सभापति प्रकाश गुरुङले पनि प्रतिनिधिसभा सदस्यको उम्मेदवार बन्ने आकांक्षा राखेको भए पनि कार्यसमितिले आङ्देम्बेको एकल नाम सिफारिस गरेको छ।

उपसभापति चेम्जोङले आङदेम्बेको एकल नाम सिफारिस गर्न सहमति जनाएपछि कार्यसमितिले सर्वसम्मत रूपमा सिफारिस गरेको छ- नेपाली कांग्रेस जिल्ला कार्यसमितिका सचिव दीपक नेपालले भने। प्रतिनिधिसभाको समानुपातिकतर्फ नेता सुरेन्द्रकुमार दाहालसहित आठ जनाको नाम सिफारिस गरिएको उनले जानकारी दिए।

प्रदेशसभाका दुवै क्षेत्रमा कांग्रेसले सहमति जुटाउन सकेको छैन। यसकारण प्रदेश निर्वाचन क्षेत्र कार्यसमितिबाट सिफारिस भइआएका नामहरूलाई प्रदेश कार्यसमितिमा सिफारिस गरी पठाइएको सचिव नेपालले जानकारी दिए।

विशेषतः प्रदेशसभा (क)को उम्मेदवार टुंग्याउन कांग्रेसमा सकस देखिएको छ। जिल्ला कार्यसमितिका सभापति रुपनारायण जबेगू र निवर्तमान सभापति नरेन्द्रकुमार केरुङ टिकटको दौडमा छन्। क्षेत्रीय कार्यसमितिका सभापति भगीश्वर योङ्हाङ र कार्यसमितिका सदस्य लवदेब ढुङ्गाना गरी चार जनाको नाम प्रदेश कार्यसमितिमा सिफारिस भएको छ।

प्रदेशसभा (ख)तर्फ भने आकांक्षी नेताहरूको संख्या झनै ठूलो छ। गठबन्धन बनेको अवस्थामा यो क्षेत्र कांग्रेसले पाउने सम्भावना निकै कम भए पनि नेताहरू गंगाबहादुर आङ्देम्बे, गोपालप्रसाद पोखरेल, चन्द्रकुमार आङ्देम्बे, जीतबहादुर भण्डारी (जीतेन्द्र), धर्मेन्द्रबिक्रम नेम्वाङ, मुनेन्द्रविक्रम नेम्वाङ, सन्तोषप्रकाश रिजाल र होमनाथ थापा यस क्षेत्रमा प्रत्यक्षतर्फको उम्मेदवारको आकांक्षी रहेका छन्। कांग्रेसमा प्रतिनिधिसभाको समानुपातिकतर्फ आठ जना, प्रदेशसभा समानुपातिकतर्फ क्षेत्र नं. (क) बाट १९ जना र क्षेत्र (ख )बाट १७ जना नेताहरू उम्मेदवार बन्न आकांक्षी देखिएका छन्।

गठबन्धनमा एक प्रदेशसभा सदस्यको उम्मेदवार पाउने आकलन गरिएको नेकपा (माओवादी केन्द्र) बाट समेत प्रतिनिधिसभाको उम्मेदवारमा एकल तथा प्रदेशसभाको उम्मेदवारमा एकभन्दा बढी नाम सिफारिस भएका छन्। माओवादी केन्द्र प्रदेश कमिटीका सदस्य दिनेशकुमार लावतीका अनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फ १ नं. प्रदेश कमिटीका अध्यक्ष हर्कबहादुर नेम्वाङ र समानुपातिकतर्फ नरबहादुर दुलालको एकल नाम सिफारिस भएको छ।

प्रदेशसभातर्फ भने एकभन्दा बढी नाम सिफारिस भएका छन्। प्रदेशसभा क क्षेत्रतर्फ १ नम्बर प्रदेश कमिटीका अध्यक्ष नेम्वाङ, केन्द्रीय सदस्य सीता थेबे र प्रदेश कमिटी सदस्य लालबहादुर गुरुङको नाम सिफारिस भएको छ। यस्तै प्रदेशसभा (ख)तर्फ केन्द्रीय सदस्य एवं प्रदेश नं. १का आर्थिक मामिला तथा योजनामन्त्री इन्द्रबहादुर आङ्बो र प्रदेश कमिटी सदस्य शङ्खध्वज नेम्वाङको नाम सिफारिस गरिएको लावतीले जानकारी दिए। प्रदेशसभाको समानुपातिकतर्फ जुनुकुमारी लावती, होमबहादुर जबेगू, विशाल रसाइली, पेम्बा शेर्पा र मेदनीप्रसाद खत्रीको नाम सिफारिस भएको उनले वताए।

मुख्य दलहरूमा प्रदेशसभातर्फ बढी र प्रतिनिधिसभातर्फ कम आकांक्षी देखिएका हुन्। प्रदेशसभा सदस्यको प्रत्यक्ष वा समानुपातिकतर्फको उम्मेदवार बन्न सक्ने सम्भावना बढी हुने, टिकट सिफारिस गर्ने नेताहरूसँग पहुँच पुग्ने तथा निर्वाचित हुने आधार बढी हुने भएपछि प्रदेशसभातर्फ नेताहरूको आकर्षण देखिएको हो।

पाँचथरमा सत्तारुढ गठबन्धनको नेकपा (एकीकृत समाजवादी) ले गठबन्धनबाट प्रदेशसभा (क) मा स्थान प्राप्त गर्नसक्ने सम्भावना भएपछि सो दलले जिल्ला कमिटीका अध्यक्ष कमलप्रसाद जबेगूलाई उम्मेदवार बनाउन सिफारिस गरेको छ। प्रदेशसभा (ख)बाट राष्ट्रिय प्रजातन्त्र पार्टीका सहमहामन्त्री एवम् प्रवक्ता सगुनसुन्दर लावती उम्मेदवार बन्ने चर्चा चले पनि यसबारे सो दलले औपचारिक घोषणा गरेको छैन।

एक प्रतिनिधिसभा सदस्य र दुई प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र रहेको पाँचथरमा आठ स्थानीय तह र ६० वडा रहेका छन्। वि.सं. २०७४ मा सम्पन्न निर्वाचनमा प्रतिनिधिसभा र प्रदेशसभाका तीनवटै स्थानमा तत्कालीन वाम गठबन्धनका उम्मेदवार विजयी भएका थिए भने सोही गठबन्धनबाट दुई समानुपातिकतर्फ प्रदेशसभा सदस्य निर्वाचित भएका थिए।

# नेपाली फिल्मलाई शो बाँड्न प्रदर्शकको अटेरी







नेपालका मल्टीप्लेक्स सञ्चालकहरुले नेपाली फिल्ममाथि हिंसा गरिरहेका छन्। उनीहरुले विदेशी फिल्मलाई काखी च्यापेर नेपाली फिल्मको घाँटी निमोठ्दै आएका छन्। भदौ १० मा विदेशी फिल्म 'लाइगर' का लागि हलवालाले दुई नेपाली फिल्म 'प्रकाश' र 'राधा' लाई शो बाँडफाँडमा बली चढाउन खोजे। 'राधा' त बली नै चढ्यो। यसपटक हलवालाको दादागिरी नयाँ शैलीमा देखिएको छ।

आज शुक्रवारबाट दुई नेपाली फिल्म 'ऐना झ्यालको पुतली' र 'गोर्खा : बिनिथ द ब्रेभरी' प्रदर्शनमा आउने तयारीमा छन्। योसँगै भारतका दुई फिल्म 'ब्रह्मास्त्र' र 'सीता रामम' पनि प्रदर्शन हुँदैछ। ठूलो रकममा नेपाल भित्र्याइएको 'ब्रह्मास्त्र' नेपालमा प्रतिक्षित छ। तर, बिहीवार दिउँसोसम्म 'ब्रह्मास्त्र' सेन्सर भएको छैन। सेन्सर नभएसम्म नेपाली होस् वा विदेशी फिल्म प्रदर्शन गर्न पाइँदैन।

'ब्रह्मास्त्र' सेन्सर नभएकाले प्रदर्शकहरुले सेन्सर भइसकेका दुई नेपाली फिल्मलाई बिहीवार दिउँसोसम्म शो बाँडफाँड गरेका छैनन्। जबकि, यसअघि बुधवार साँझसम्म नै शुक्रवार रिलिज हुने फिल्मको बुकिङ खुलिसकेको हुन्थ्यो। सेन्सर नगरी 'ब्रह्मास्त्र'को बुकिङ खोल्न वितरकले गरेको आग्रह चलचित्र विकास बोर्डले नमानेपछि प्रदर्शकहरुले दुई नेपाली फिल्मलाई शो नबाँडेका हुन्।

बोर्डले फिल्मको सेन्सरपछि हलमा चलाउनका लागि मुभी कोड दिने गर्छ र त्यसपछि मात्र बुकिङ खोल्न पाइन्छ। 'ब्रम्हास्त्र'को सेन्सर नभएकाले मुभी कोड पाएको छैन र बुकिङ पनि खुल्न नसकेको हो। तर, प्रदर्शकहरुले बोर्डलाई घुँडा टेकाउन नेपाली फिल्मको घाँटी निमोठ्ने काम गरेका छन्। प्रदर्शकको यसखालको रवैयाबिरुद्ध फिल्म सम्बद्ध संघ-संस्थाहरु बोल्न थालेका छन्।

चलचित्र निर्माता संघ र चलचित्र निर्देशक समाजले बिहीवार विज्ञप्ति जारी गर्दै विदेशी फिल्मको सेन्सर नभएको कारण नेपाली फिल्मको बुकिङ नखुलाएकोप्रति घोर आपत्ति जनाएको छ। निर्माता संघले 'ऐना झ्यालको पुतली' र 'गोर्खा: बिनिथ द ब्रेभरी'लाई तत्काल शो टाइम उपलब्ध गराएर बुकिङ खुल्ला नगरे यसबिरुद्ध बाध्य भएर कडा रुपमा संघर्षमा उत्रने चेतावनी दिएको छ।

त्यस्तै, सेन्सर बोर्डका सदस्यमध्ये एक सन्तोष कुमार थापाले अहिलेसम्म 'ब्रह्मास्त्र' सेन्सरका लागि नआएको र शुक्रवार-शनिवार बिदा परेकाले त्यस दिन सेन्सर नहुने र विदामा पनि सेन्सर बोर्डले हिन्दी फिल्मलाई सेन्सर गरे आफू उपस्थित नहुने फेसबुकमा स्टाट्स लेख्दै बताएका छन्। विदेशी फिल्म सेन्सर नभएका कारण नेपाली फिल्मले शो टाइम नै नपाएको यो पहिलोपटक हो।

### अतिक्रमित ...

बनाएपछि नगरपालिकाले सूचना जारी गरेको हो।

त्यस्तै बिर्तामोड नगरपालिका-१० स्थित सैनिक बजारमा रहेको पैनीमा टहरा निर्माण गरिएको छ भने बिर्तामोडबाट भद्रपुरतर्फ जाने सडकमा मुक्तिचोक दक्षिण व्यवसायीहरुले सडक क्षेत्र मिचेर पसल अगाडि ट्रस बनाएकाले ती संरचना पनि हटाउने कार्यपालिकाको बैठकले निर्णयले गरेको प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले बताए।

## कर्मचारी आवश्यकता

**प्रथम पटक प्रकाशित मिति २०७९।०५।१८**

**श्री लक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,** विर्तामोड-४ का लागि देहाय बमोजिमका कर्मचारी आवश्यक परेकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट २०७९/०५/२५ गतेसम्ममा दरखास्त दिन हुन आव्हान गरीन्छ।

**विज्ञापन नं. ००१/२०७९/०८०**

| क्र.स. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १. | बजार प्रतिनिधि | २ | टेष्ट/एस.एल.सी. (Test/SLC) साथै सवारी चालक अनुमति पत्र अनिवार्य हुनुपर्ने छ। |

**आवश्यक कागजातहरु :**

१. हस्त लिखित निबेदन तथा बायोडाटा।
२. नेपाली नागरिकता प्रतिलिपि / PP Size फोटो १ प्रति।
३. सवारी चालक अनुमति-पत्रको प्रतिलिपि।
४. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।

**पदपूर्ति उपसमिति**

**श्री लक्ष्मी वहुउद्देश्यीय सहकारी संस्था लि.,** सम्पर्क नं. : ०२३-५३०७३४

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय


# ओझेलमा हर्कलाल मार्ग

**बिर्तामोड नगरपालिका क्षेत्रमा 'रिङ रोड' समेत भनिने हर्कलाल मार्ग तत्कालीन अनारमनी गाविस प्रमुख हर्कलाल गिरीको अगुवाईमा निर्माण सम्पन्न भएको हो । पूर्व–पश्चिम महेन्द्र राजमार्गको बिर्तामोड बजारबाट पूर्व हुँदै बिर्तामोड–भद्रपुर सडकखण्डलाई भेट्ने सो सडक निर्माण प्रारम्भ भएयता गाविस, नगरपालिका हुँदै बिर्तामोड नगरपालिकामा रुपान्तरण भएको पनि निकै समय बितिसक्यो । यसबीचमा धेरै ग्रामीण सडकहरुको स्तरोन्नति भयो, कालोपत्रे पनि बनाइए तर हर्कलाल मार्गको जीर्णरुप बदलिन सकेको छैन । यद्यपि, हर्कलाल मार्गको स्तरोन्नति गर्ने ग्रामीण कृषि सडक 'ऱ्याप श्री' अन्तर्गत दी कञ्चनजंघा कन्ट्रक्सन नामक निर्माण कम्पनीले ठेक्का लिएको थियो । वि.सं. २०७६ असार मसान्तसम्ममा निर्माण सम्पन्न गर्ने गरी रु. चार करोड अठ्ठाइस लाखको लागतमा ठेक्का लिएको सो मार्ग अहिलेसम्म स्तरोन्नति भएको छैन ।**

**सडक निर्माणको ठेक्का लिएको पाँच वर्ष पूरा भइसक्दा पनि निर्माण पूरा हुन नसकेको सो सडकखण्ड सम्पन्न नहुँदा स्थानीयले सहज यात्रा गर्न पाएका छैनन् । कूल तीन किलोमिटर सडकखण्ड निर्माणको ठेक्का लागेपछि स्थानीयबासीले सडक फराकिलो बनाउन माग राखे । डीपीआर भइसकेर ठेक्का लागेको सडक निर्माण कार्य स्थानीयको मागका कारण अवरुद्ध हुनपुग्यो । सडक फराकिलो बनाउँदै दुबै किनारामा पक्की ड्रेन बनाउनुपर्ने स्थानीयको माग अनुसार योजना बदलियो, कूल क्षेत्रको करिब आधा स्तरोन्नति गर्ने सहमति भयो र निर्माण कार्य पनि सुचारु गरियो । ऱ्याप श्रीको मापदण्ड बाहिर सडक विस्तार गर्न सहमत भए पनि निर्माण सम्पन्न नहुनुमा जिल्ला प्राविधिक कार्यालय समेतको कमजोरी देखिन्छ ।**

**बिर्तामोडको बढ्दो जनघनत्वलाई आवागमनमा सो सडकले महत्वपूर्ण सहयोग गर्छ । सडकको स्तरोन्नतिले बिर्तामोड नगर क्षेत्रको सवारीको चाप पनि कम हुन्छ । दिनहुँ भइरहने सवारी दुर्घटनालाई न्यूनीकरण गर्न, सडकमा बढ्दो सवारी चापलाई कम गर्दै 'रिङ रोड'को आवश्यक पूरा गर्ने सो सडकको एकतिहाई खण्डमात्रै स्तरोन्नति हुनसक्यो भने यसले नगरको सौन्दर्य पनि बढाउने छ । निर्माण सम्पन्न भएपछि स्थानीय सरकारको प्राथमिकतामै नपरेको सो सडकको स्तरोन्नतिमा सघाउन सहजकर्ता समिति बनाइएको छ । तर, स्थानीय तहको जिम्मेवार भूमिका नदेखिँदा निर्माण कार्यले गति नलिएको सहजकर्ता समितिको भनाइ छ । बिर्तामोडको गौरव बनिन सक्ने सो सडकको लम्बाई करिब तीन किलोमिटर छ । ठेक्का लागेको त्यसको एकतिहाइ खण्डको निर्माण सम्पन्नतामा स्थानीय सरकारले अग्रसरता देखाउने हो भने पूर्वाधार विकास कार्यालयलाई दवाव सृजना हुने थियो । त्यसो भए निर्माण व्यवसायी पनि निर्माण सम्पन्न गर्न बाध्य हुने थियो । विकासको मूल आधार मानिने सडक र सडकमध्ये पनि महत्वको हर्कलाल मार्गले छिट्टै रुप बदलोस् ।**

# अध्यागमनको जिम्मा प्रहरीलाई दिऊँ



**बबिता बस्नेत**

२०७९ साल भदौ १३ गते सोमबार बिहान माइती नेपाल पुग्दा अनुराधा कोइराला अरु बेलाभन्दा अलिक निराश देखिनुभएको थियो । केही समय अस्पताल बसेर फर्कनुभएकी उहाँको आँखामुनि देखिएका काला धब्बाहरूले पूर्णतः सन्चो भइसक्नुभएको छैन भन्ने स्पष्ट देखाइरहेका थिए । ट्रान्जिट भिसामा विदेश जान भनी हिँडेर एयरपोर्टबाट फर्काइएका दर्जनौं युवतीहरूलाई हेर्दै भन्नु भो- 'आज राति ४० जना आए, हिजो अस्ति फरक-फरक समयमा ५२, २२, ४, ३५, ४५ र २५ जना आए । यी मध्ये एक जनाको पतिको माओवादी युद्धका क्रममा हातमा स्टिल लगाइएको छ । केटीहरू त यहाँ आएर बसे, कम्तिमा दुःख-सुख खान पाएका छन् । एयरपोर्टमा ४५ जना पुरुषहरू अलपत्र छन्, प्रहरीले आफू आफै मिलेर पैसा उठाइ चाउचाउ खुवाइरहेका छन् ।'

यो त देशभित्रको कुरा भयो भन्दै अनुराधा कोइरालाले थप्नुभो- 'इमिग्रेसनबाट मिलेमतोमा विभिन्न देश पुऱ्याइएका मध्ये इराकमा एक सयभन्दा बढी नेपालीहरू अलपत्र छन् । दुबईमा ६० जना छन् । विभिन्न देशमा महिलाहरूको बिजोग छ । के गर्ने हो ? कसले गर्ने हो ? अब ठिक होला, अब राम्रो होला भन्दाभन्दै झन्-झन् घटनाहरू बढिरहेका छन् म त होपलेस जस्तो पो हुन थालेँ ।' वैदेशिक रोजगार विज्ञ सरु जोशी श्रेष्ठ, पत्रकार तथा राष्ट्रिय सूचना आयोगकी पूर्व आयुक्त यशोदा तिम्सिना, सुरक्षित वैदेशिक रोजगार अभियन्ता मञ्जु गुरुङ र यो पंक्तिकारले एयरपोर्टबाट फर्किएका युवतीहरूसँग कुराकानी गऱ्यौं । कसैको श्रीमान् बिरामी, कसैको बाबु-आमा अशक्त, छोराछोरी पढाउने अवस्था नभएको, खानलाउन गाह्रो, ऋणको बोझ करिब उस्तै-उस्तै परिस्थितिमा उनीहरूले विदेशलाई झिनो आशाको केन्द्र ठानी देश छोड्न लागेका थिए ।

स्वास्थ, शिक्षा, बिहान-बेलुकाको खाना, त्यहाँ रहेका युवतीहरू कसैको पनि सामान्य जीवनयापन गर्ने बाहेक ठूलो सपना थिएन । यदि मुलुकमा स्वास्थ्य र शिक्षा निःशुल्क र सामान्य रोजगारी पाउने अवस्था भइदिएको भए तीजको दर खाने दिन ती युवतीहरूको निमुखो मुहारसँग साक्षात्कार गर्नुपर्ने थिएन । त्यहाँ रहेका मध्ये धेरैलाई आफू जान लागेको गन्तव्य र कति तलब पाउने हो थाह थिएन । आफूलाई पठाउने मान्छेको बारेमा केही थाह नपाउनेहरू पनि थिए । फोनको सेटमा 'एजेन्ट दाइको नम्बर' भनेर फोन नम्बर सेभ गरिएको थियो तर फोन भने लाग्दैनथ्यो ।

विभिन्न देशमा जानका लागि भिजिट भिसा अहिले ठूलो समस्या भएको छ । खासमा भिजिट भिसा समस्या हो कि वैदेशिक रोजगार सम्बन्धी नीति, नियम, छलछाम, दृष्टिकोण र व्यवहार तथा देशको बेथिति समस्या हुन भन्ने बारेमा गहिरो छलफल र बहस गर्नैपर्ने भएको छ । छलफल र बहस मात्र नभई यसमा तत्काल केही निर्णयहरू गर्नैपर्ने अवस्था छ । नेपालबाट विभिन्न देशमा महिलाहरूलाई काममा जान रोकिएको छ । नीति, नियमले रोके पनि नेपाली महिलाहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मात्रै प्रयोग गर्न नपाएका हुन्, विदेश जान भने रोकिएका छैनन् ।

मुख्य ढोका बन्द भएपछि झ्यालहरूबाट मान्छे छिरे जस्तै एयरपोर्टबाट जान बन्द गरिएपछि विभिन्न नाका हुँदै महिलाहरू विदेश पुगेका छन् । परिणाम उनीहरू थप असुरक्षित त बन्ने नै भए, विदेशमा रहँदा मृत्यु भयो भने उनीहरूको परिवारले क्षतिपूर्ति समेत पाउँदैनन् । नेपालको वैदेशिक रोजगारीको तथ्याङ्कमा उनीहरूको गणना हुँदैन । महिलाहरूलाई रोकिएको छ भने पनि कोभिडको बेलासमेत उनीहरू रोकिएनन् । दिल्ली एयरपोर्टमा समन्वय गरेर जान नदिइएपछि दलालहरूले मुम्बईको बाटो रोजे । श्रीलंका, केरला, म्यानमार, मनीपुर नयाँ-नयाँ नाकाहरू बढ्दै गए । कोभिडको बेला श्रीलंकाबाट मात्रै ९० जना फर्काइएको थियो । विभिन्न देशमा दुःख पाएका, ट्रान्जिट भिसामा गएर अलपत्र भएका र फर्किएका यी सबैको कथा प्रतिबन्धको सेरोफोरोमा गएर टुंगिन्छ । वैदेशिक रोजगारीका लागि प्रतिबन्ध होइन सुरक्षाका उपायहरू खोज्ने हो ।

हामी कहाँ वैदेशिक रोजगारीको विषय नागरिकको सुरक्षा र देशको गरिबीभन्दा बढि सेटिङबाट पैसा कमाउने माध्यम बनेको छ । गाउँका दलाल, वैदेशिक रोजगार कम्पनी हुँदै इमिग्रेसनका कर्मचारीदेखि कतिपय राजदूतसम्म यसको सेरोफेरोमा छन् । अन्ततः सबैभन्दा दोषी चाहिँ पैसा खाएर कर्मचारीको सरुवा गर्ने र त्यस्ता राजदूत नियुक्ति गर्ने नेताहरू हुन् । पैसा तिरेर राजदूत भएपछि उसले आफ्नो देशका कामदारको सुरक्षा हेर्छ कि आफूलाई आउने पैसा ? इमिग्रेसनका कर्मचारीले सेटिङ गरेर मान्छे पठाउँछन् कि उनीहरूलाई भविष्यमा आइपर्न सक्ने दुःख ? माइती नेपाल र विभिन्न संस्थाका सेल्टरमा बसेका महिलाहरूप्रति जिम्मेवार निकाय कुन हो ? परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, महिला मन्त्रालय, वैदेशिक रोजगार बोर्ड, उत्तरदायित्व कसको हो ? हामीले एनजीओ भनेर गाली गर्दै आएका संघ-संस्थाहरूले कसरी खर्च जुटाएर यतिका मानिसहरूलाई सेल्टर दिइरहेका छन् भनेर हामीले कहिल्यै सोचेका छौं ? सोधीखोजी गरेका छौं ? विदेशमा अप्ठ्यारोमा परेका डकुमेन्टेट श्रमिक मात्रै सरकारले स्वदेश ल्याउन पहल गर्ने गरेकोमा सर्वोच्च अदालतले अप्ठ्यारोमा परेका सम्पूर्ण नेपाली श्रमिक ल्याउनु भनी दिएको आदेशको कार्यान्वयन भएको छ कि छैन ? यसको अनुगमन कसले गर्ने ?

स्थानीय तहलाई पहिला वैदेशिक रोजगारको मुद्दा हेर्ने अधिकार थिएन, तर अहिले छ । प्रमुख जिल्ला अधिकारीलाई यो अधिकार दिइएको छ तर खै त 'फ्रड एजेन्ट'हरू पक्राउ परेको ? अहिले भिजिट भिसाका नाममा स्थानीय तहदेखि नै सेटिङ भइरहेको छ । भिजिट भिसामा जान कम्तिमा दुई लाख बैंक ब्यालेन्स चाहिन्छ, दश दिनअघि बैंक खाता खोलेको मान्छेले दुई महिनाअघिको बैंक ब्यालेन्स देखाएको डकुमेन्टहरू छन्, मिलेमतो सबैको छ । वैदेशिक रोजगारीवाला मुद्दामा मात्र होइन अपराधको मामिलामा सबैभन्दा ठूलो सेटिङ अध्यागमनमा हुने गरेको छ । अचम्म चाहिँ के छ भने विश्वका प्रायः मुलुकमा इमिग्रेन प्रहरीको जिम्मामा हुन्छ । तर, हामी कहाँ चाहिँ कर्मचारीहरूको जिम्मामा छ । अपराधीहरूको आवत-जावत प्रायः एयरपोर्टबाटै हुने गर्छ । अपराध प्रहरीले हेर्ने अध्यागमन चाहिँ कर्मचारीले हेर्नेबीच तालमेल नै मिलेको छैन ।




विश्वका विभिन्न देशमा जाँदा अध्यागमनमा प्रश्नहरू गर्ने, कागजपत्र हेर्ने, छाप लाउने प्रहरी अधिकारीहरू नै हुन्छन् । उनीहरूलाई कुनै कुरा गलत लागे तत्काल एकातिर राखेर अनुसन्धान शुरु गर्छन् । हामी कहाँ यो काम कर्मचारीलाई दिइएको छ । मानिसलाई गर्ने व्यवहारदेखि सुरक्षासम्म हामी कहाँ अन्य देशमा भन्दा फरक छ । त्रिभुवन विमानस्थलको इमिग्रेशन २०३८/०३९ सालसम्म प्रहरीले हेर्ने गरेको र त्यतिबेला एकजना इन्स्पेक्टरले सुन लुकाएको कुरा सार्वजनिक भएपछि तात्कालिन सरकारले निजामती कर्मचारीलाई जिम्मा दिएको रहेछ । यसबीचमा एक दुई तोला नभई किलोका किलो सुन गायब हुनेदेखि धेरै घटनाहरू भए । तर, इमिग्रशनलाई फरक तरिकाले सञ्चालन गर्नेबारे सोचिएन ।

अध्यागमन, लाइसेन्स जस्ता कुराहरू कर्मचारीले नभइ प्रहरीले हेर्ने हो । अनुराधा कोइरालाले केही वर्षअघि यो पंक्तिकारसँग भन्नुभएको कुरा दोहोऱ्याउनु भयो- 'अध्यागमन प्रहरीले हेर्ने हो भने अन्य अपराधसँगै सेटिङवाला धन्धा कम हुन्छ भन्ने अपेक्षा गर्न सकिन्छ । अध्यागमनमा हुने सबै अपराधिक गतिविधि प्रहरीले हेर्नु परेपछि अध्यागमनको जिम्मा प्रहरीलाई किन नदिने ? के हुँदोरहेछ कम्तिमा छ महिना हेरौं न त । हाम्रो देशमा सर्वसाधारणको पहुँच र विश्वास कर्मचारीसँग भन्दा प्रहरीसँग तुलनात्मक रुपमा बढी पनि छ ।' *घटना र विचार*

# कलाकृतिले सिगारिँदैछ अर्जुनधारा



**झापा, भदौ २३।** प्रसिद्ध धार्मिक स्थल अर्जुनधारामा पर्यटकीय आकर्षण बढाउन परिसर बाहिर कलात्मक स्वागतद्वार लगायतका कलाकृति निर्माण गरिएको छ । धाम क्षेत्रको बाह्य आकर्षण बढाउन अर्जुनधारा नगरपालिकाको रु. २८ लाखको लागतमा नगर कै प्रवेशद्वार अर्जुनधारा-६ स्थित महानन्द चोकमा कलात्मक स्वागतद्वार बनाइएको नगरपालिकाका सूचना अधिकृत हेमराज सेढाइले बताए ।

बिर्तामोड र अर्जुनधारा नगरपालिकाको सीमा क्षेत्रमा बनाइएको स्वागतद्वारको माथिल्लो भागमा महाभारतकालीन युद्धमा अर्जुनले बाण हान्दै गरेको प्रतिमा राखिएको छ भने खम्बाको दुईतिर महानन्द सापकोटा र भानुभक्तको अर्धकदको शालिक बनाइएको छ । महाभारतकालीन पौराणिक आख्यानसँग जोडिएको अर्जुनधारा जलेश्वर धाममा बर्सेनि दशौं लाख तीर्थयात्री आउने गर्छन् । पशुपतिनाथको पेगोडा शैलीमा निर्मित यस धामको मूल मन्दिरमा पूजा गर्न दिनहुँ भक्तजनको घुइँचो लाग्ने गर्दछ ।

यहीकारण यसलाई पूर्वको पशुपतिनाथको रुपमा पनि चिनिन्छ । धार्मिक तथा प्राकृतिक पर्यटकीय स्थलले भरिभराउ रहेको अर्जुनधारालाई ऐतिहासिक तथा धार्मिक नगरका रुपमा चिनाउन नगरपालिकाले मन्दिर रहेको शनिश्चरे बजारलाई धार्मिक मान्यता अनुरुपको नगरीको रुपमा विकसित गर्ने कार्य गर्दै आएको छ ।

नगरपालिकाले बजारमा महाभारतकालमा श्रीकृष्ण भगवानले अर्जुनलाई उपदेश दिइरहेको दृश्यबोध हुने विशालप्रतिमा स्थापना गरिसकेको छ । यहाँ घुम्न आउने यो प्रतिमामा सेल्फी फोटो खिचाउन रुचाउने गरेको स्थानीय यलम्बर साप्ताहिका कार्यकारी सम्पादक राजन साम्पाङ बताए ।

शनिश्चरेलाई झापा कै पुरानो बजार मानिने गरेको हुँदा बजारको बीचमा ५० औं वर्ष पहिलेको अवस्था झल्काउने गोरुगाडाको विशाल प्रतिमा समेत राखिएको छ । बजार क्षेत्र हुँदै अर्जुनधारा जलेश्वर धाम, सुखानी सहिल स्मृति पार्क, कैदले पर्यटकीयस्थल, शङ्कराचार्य पीठ लगायतका ऐतिहासिक तथा धार्मिक स्थल पुगिने हुँदा यहाँ रात्रिकालीन उज्यालो सौर्य बत्तीको व्यवस्था मिलाइएको छ ।

अर्जुनधारा साहित्य र संस्कृतिको सङ्गमस्थल भएको जनाउँदै अर्जुनधारा नगरपालिकाका सूचना अधिकारी सेढाइले प्रवेशद्वारमा आदिकवि भानुभक्त र महानन्द सापकोटाको शालिक राखिएको बताए । अर्जुनधारामै हुर्किएका कृष्ण धरावासी, सञ्जीव उप्रेती, दुबसु, सरोज ओली, कुमार भट्टराई, जयप्रसाद ढकाल, कृष्ण बरालल गायतका साहित्यकार देशकै ख्याति प्राप्त छन् । अर्जुनधारा नगरपालिकाका प्रमुख बलदेव गोम्देनले सय वर्ष पुरानो शनिश्चरे बजारको झल्को दिने उद्देश्यले गोरुगाडा र धार्मिक महत्व दर्शाउन कृष्णले अर्जुनलाई रथमा राखेर गीताको उपदेश दिइरहेको प्रतिमा बनाएर राखिएको बताए ।

# साइकलबाट सुरक्षा गस्ती

**पथरीशनिश्चरे, भदौ २३।** नजिकिँदै गरेका चाडपर्वलाई मध्यनजर गर्दै पथरी प्रहरीले साइकल गस्ती सञ्चालन गर्ने भएको छ ।

प्रहरी कार्यालयमा पत्रकार सम्मेलन गर्दै एनआइसी एसिया बैंक र राष्ट्रिय वाणिज्य बैंकले चार थान माउन्टेन साइकल उपलब्ध गराएपछि प्रहरीले साइकल गस्ती सञ्चालन गर्ने जनाएको हो ।

उक्त अवसरमा एनआईसी एशिया बैंक पथरी शाखाका मेनेजर चुडाराज कट्टेल र राष्ट्रिय वाणिज्य बैंक पथरीका विश्वराज लामिछानेले नगरको सुरक्षार्थ थप एक थान साइकल उपलब्ध गर्ने पनि बताए ।



उपलब्ध भएका साइकलबाट बजार क्षेत्रमा हुने अवाञ्छित तथा अपराधिक घटनाहरू न्यूनीकरणका लागि प्रहरी गस्ती छिटोछरितो हुने र सुरक्षा व्यवस्था सहज हुने अपेक्षा गरिएको इलाका प्रहरी कार्यालय पथरीका प्रमुख प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले बताए ।

सोही क्रममा चोरी भएको मोबाइल फेला पारी सम्बन्धित व्यक्तिलाई प्रहरीले बुझाएको छ । उनले ८० हजार रुपैयाँसम्म मूल्य पर्ने ११ थान मोबाइल सम्बन्धित व्यक्तिलाई बुझाइएको बताए ।

मोबाइल चोरीमा सलग्न छ जनालाई चोरी अभियोगमा मुद्दा चलाइरहेको जानकारी दिए । उनले पथरी शनिश्चरे क्षेत्रमा हराएको मोबाइलहरु धनगढीसम्म पुऱ्याएको प्रहरी अनुसन्धानका क्रममा खुलेको बताएका छन् । ती मोबाइलहरू पनि फिर्ता ल्याउने कामहरु भइरहेको बताए ।

# एलिकाको दशैं तिहार २०७९ अफर

**झापा, भदौ २३।** सीजी इलेक्ट्रोनिक्स कम्पनीले दशैं, तिहार र छठलाई लक्षित गरी ग्राहक योजना ल्याएको छ ।

एलिका ब्रान्ड घरेलु उपकरण र भान्साको विश्वको अग्रणी निर्माता हो । नेपालमा भान्सा उपकरणहरूका बजारमा ग्राहक वर्गले असाध्यै रुचाएको एलिकाब्रान्डले नेपालको सबैभन्दा ठूलो उत्सव दशैं र तिहारलाई लक्षित गर्दै 'दशैं तिहार मनाऔं, खुशीमा रमाऔं' भन्ने नारासहित जारी गरेको यस अफर अन्तर्गत एलिकाको कुनै पनि सामानको (चिम्नी, कुक टप, हब, कुकिङ्ग रेञ्ज, बिल्ट(इन ओभन, बिल्ट (इन मिक्रो वेभ ओभन) खरिदमा सीजी ब्रान्डको




इलेक्ट्रिक केट्टल उपहार स्वरूप प्रदान गरेको कम्पनीले जनाएको छ ।

यो ग्राहक योजना भदौ १३ गतेदेखि नेपालभरि सीमित अवधिको लागि लागू गरिएको बताइएको छ । एलिकाले आफ्ना मूल्यवान ग्राहकहरूलाई चाडपर्वको अवसरमा अफर दिएको यो पहिलो पटक रहेको बताइएको छ ।

एलिका १९७० मा स्थापित एक इटालियन कम्पनी हो जसले किचन हुड, इन्डक्शन हब र बोइलर डिजाइन र निर्माण गर्दछ । कम्पनीको विश्वभर इटाली, पोल्याण्ड, मेक्सिको, भारत र चीनमा सातवटा प्लान्टहरू छन् । एलिकाकोको खाना पकाउने व्यवसाय इकाईले घरेलु प्रयोगको लागि किचन हुडहरू डिजाइन, निर्माण र बिक्री गर्दछ ।

# 'जनतासँग कांग्रेस अभियान'



**अर्जुनधारा, भदौ २३।** आगामी मंसीर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै जनतासँग पुगेर जनताका गुनासो, सुझाव र स्थानीय आवश्यकताको पहिचान गर्दै संगठन विस्तारको नीति अघि सारेको कांग्रेसले अर्जुनधारामा 'जनतासँग कांग्रेस अभियान' सम्पन्न गरेको छ।

नेपाली कांग्रेस प्रदेश क्षेत्रीय समिति क्षेत्र नं. २ (ख) झापाको आयोजनामा अर्जुनधारा नगर समितिको कार्यालयमा आयोजित कार्यक्रममा प्रमुख अतिथि एवम् पूर्वमन्त्री केशवकुमार बुढाथोकीले नेपाली कांग्रेस जहिले जिम्मेवार ढंगमा प्रस्तुत भएको दाबी गर्दै जनतासँग गरेको वाचा पुऱ्याउने प्रतिबद्धता जनाए। आकांक्षी उम्मेद्वारहरु मध्ये जसलाई टिकट दिए पनि कांग्रेस कार्यकर्ता एकजुट भएर चुनाव जिताउनुपर्नेमा जोड दिएका नेता बुढाथोकीले पार्टीले सिफारिस गरेका उम्मेदवारबीचमा कुनै वैमनश्यता नभएको स्पष्ट पारे।

नेपाली कांग्रेस केन्द्रीय सदस्य एवम् अभियानका लागि केन्द्रीय प्रतिनिधि डा. डिला संग्रौलाले भनिन्- 'नेपाली कांग्रेस जे बोल्छ, त्यो गरेर देखाउँछ, प्रतिपक्षले जस्तो हावादारी गफ गर्दैन'। केन्द्रीय सदस्य संग्रौलाले अब कांग्रेस एक ढिक्का भएर पार्टीले सिफारिस गरेका उम्मेदवारहरुलाई चुनाव जिताउन कार्यकर्तालाई आह्वान गरिन्।

कार्यक्रममा केन्द्रीय सदस्य सरिता प्रसाईले लोकतन्त्र, संविधानको रक्षा गर्न नेपाली कांग्रेस मात्रै सक्षम रहेको बताउँदै निर्वाचनमा लोकतन्त्र विरोधी तत्वलाई चिनेर लोकतन्त्रको पक्षमा मतदान गर्न आह्वान गरिन्। लोकतन्त्रमा मात्रै प्रेस एवम् पेशागत, व्यवसायिक स्वतन्त्रता सुनिश्चित हुने प्रसाईको भनाइ थियो।

कार्यक्रममा जिल्ला सदस्य सरस्वती सिटौला, क्षेत्रीय सभापति खगेन्द्र मैनाली, नगर सभापति हेमराज खरेल, मुना ओली, लीलादेवी कटुवाल लगायतले शुभकामना मन्तव्य राखेका थिए। प्रदेश (ख) का सभापति किरण श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत पहलमान बरालले गरेका थिए भने सञ्चालन सचिवहरु डिल्लीराम सापकोटा र कृष्ण थापाले गरेका थिए।

# चोरीको आरोपमा दुई जना पक्राउ

**भद्रपुर, भदौ २३।** भद्रपुर नगरपालिका-७ का राजेन्द्र गिरीको घरमा चोरी गर्ने दुई जनालाई जिल्ला प्रहरी कार्यालय झापाले पक्राउ गरेको छ।

गिरीको घरमा चोरी भएको भन्ने सूचनाको आधारमा चोरीमा संग्लग्नहरुको खोजतलासमा खटिएको प्रहरी टोलीले चोरीमा संग्लग्न रहेका दुई जनालाई पक्राउ गरेको हो।

पक्राउ पर्नेहरुमा भद्रपुर-१० का २२ बर्षीय रितिक कुमार शर्मा र भद्रपुर नगरपालिका-७ का रोशन राजवंशी रहेका छन्। उनीहरुलाई चोरी भएका मोबाइल र सुनका बिभिन्न किसिमका गरगहनासहित प्रहरीले पक्राउ गरेको हो।



# ९५ वर्ष माथिका वृद्धलाई भत्ता

**बुद्धशान्ति, भदौ २३।** बुद्धशान्ति गाउँपालिका वडा नम्बर १ ले ९५ बर्ष उमेर पूरा भएका वडाका ज्येष्ठ नागरिकहरुलाई 'जेष्ठ नागरिक सम्मान कार्यक्रम' मार्फत वार्षिकरुपमा रु. दुई हजार पाँच सय रुपैयाँ उपलब्ध गराउने भएको छ।

९५ वर्ष उमेर पूरा भएका समाजका सम्पत्ती, इतिहासका साक्षी ज्येष्ठ नागरिकलाई सम्मान स्वरुप वडाको मिटिङले सो निर्णय गरेको वडाध्यक्ष अनिल वाग्लेले जानकारी दिए।

सो रकम ज्येष्ठ नागरिकबाट आशीर्वाद लिने चाड विजयादशमी अगाडि नै ज्येष्ठ नागरिकहरुलाई प्रदान गरिने वडाले जानकारी दिएको छ। वडा नं. १ ले विभिन्न सामाजिक कामलाई तीव्रता दिने वडाध्यक्ष वाग्ले बताए।

# रौनियारलाई मतृशोक



**बिर्तामोड, भदौ २३।** जनता समाजवादी पार्टी झापाकी उपाध्यक्ष संगीता रौनियारलाई मातृशोक परेको छ।

भारतको विहार राज्यस्थित निवासमा रौनियारकी आमा शान्तिदेवी गुप्ताको ८६ वर्षको उमेरमा निधन भएको हो। उनका बुबा गौरीशंकर गुप्ताको यसअघि नै निधन भएको छ।

तीन छोरी र दुई छोरामध्ये संगीता कान्छी छोरी हुन्। उनी लायन्स क्लब अफ बिर्तामोडकी उपाध्यक्ष समेत रहेकी छिन्। स्वर्गीय गुप्ताका तीन छोरीहरुमा उषारानी गुप्ता, शोभा गुप्ता र संगीता रौनियार हुन् भने दुई छोराहरुमा बैजनाथप्रसाद गुप्ता र वाशुकीनाथ गुप्ता रहेका छन्।

# सूचना ! सूचना !! सूचना !!!



साविक जिल्ला खोटाङ्ग दिप्रुङचुईचुम्मा वडा नं. २ डाँडागाउँ ओखे तथा हाल जिल्ला सुनसरी इटहरी उपमहानगर पालिका वडा नं. ५ निवासी भारतीय सैनिक ५।१ जि-आर नं. JC ६०३१२९ डब्लु सुविदार प्रेम ब. मगरको श्रीमती कुमारी देवी भण्डारीको जिल्ला प्रशासन कार्यालय खोटाङबाट जारी नाः प्र. नं. २३४२-२१२० मा जन्म मिति वि.सं. २०३४/०६/१८ इं.स. १९७७-१०-०४ उल्लेख भएको र श्रीमानको भारतीय दस्तावेजमा इं.सं. 1978-3-1 उल्लेख भएको हुँदा र श्रीमतीको भारतीय दास्तावेजमा नाम कुमारीदेवी मगर नेपाली नागरिकताको प्रमाणपत्रमा कुमारीदेवी भण्डारी उल्लखे भएको हुँदा दुबै फरक-फरक जन्म मिति र नाम भएको व्यक्ति एउटै भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।


## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ।



सम्पर्क : ९८१४९९३७१२, ९८४२६७७८५५ ९८२४९९०४६२, ९७४५२६०८२५

## पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

## कर्मचारी आवश्यकता

यस कम्पनी सञ्चालक र विस्तारका लागि केही कर्मचारी आवश्यकता परेको हुनाले इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला।

पद : P.R.O.
संख्या : १० जना (महिला/पुरुष)
शैक्षिक योग्यता : SEE, +२ वा सो सरह
तलब : १५,१०० सम्म

ग्रेट फ्यूचर कम्पनी
बिर्तामोड-४, भद्रपुर रोड( झापा)
सम्पर्क: ९८१४३९७३४०/ ९८२३४६६९२१


## बिमालेख हरायो

बाह्रदशीबाट बिर्तामोड आउने क्रममा यही मिति २०७९/०४/०१ गते मेरो निम्न व्यहोराको महालक्ष्मी लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम**:- सुमनकुमार पोद्दार
**ठेगाना**:- बाह्रदशी-४, झापा
**साविक**:- चकचकी-२, झापा
**पोलेसी नं.**:- १०२००००२६०
**कम्पनी नाम**: महालक्ष्मी लाइफ इन्स्योरेन्स क.
**सम्पर्क**: ९८०७९५९२२३

# कनकाई माध्यमिक विद्यालय

कनकाई नगरपालिका-३, सुरुङ्गा, झापा

## विद्यालय स्तर (१-१२)को परीक्षा सम्बन्धी सफ्टवेयर आपूर्ति गर्ने प्रस्ताव पेश गर्ने बारेको सूचना

नर्सरीदेखि कक्षा १२ सम्म सञ्चालित यस विद्यालयका लागि परीक्षा सम्बन्धी सम्पूर्ण कार्यहरू सम्पादन गर्न हाल परिवर्तित पाठ्यक्रमले निर्धारण गरेको विद्यार्थी मूल्यांकन पद्धतिसँग मिल्ने सफ्टवेयर उपलब्ध गराउन सम्बन्धित क्षेत्रमा काम गरेका आधिकारिक सेवा प्रदायकहरूलाई प्रस्ताव उपलब्ध गराउनका लागि यो सूचना प्रकाशित गरिएको छ। सफ्टवेयरमा कम्तिमा तपसिलमा उल्लेख गरेका विशेषताहरू हुनुपर्ने छ :

**तपसिल**

१. अनलाईन अफलाईन दुबै तरिकाले सञ्चालन गर्न मिल्ने।
२. अनलाईन मार्फत परीक्षाफल प्रकाशन गर्न सकिने।
३. विद्यार्थीको व्यक्तिगत अभिलेख राख्न तथा परिचयपत्र निकाल्न मिल्ने।
४. पाठ्यक्रम तथा राष्ट्रिय परीक्षा बोर्डले निर्धारण गरेको ढाँचामा परीक्षाफल प्रकाशन तथा ग्रेडसिट उपलब्ध हुने।
५. आवश्यकता अनुसार शिक्षक, विद्यार्थी र अभिभावकको पहुँच हुने व्यवस्था भएको।
६. इच्छुक आपूर्तिकर्ताले प्रस्तावपत्रका साथमा DEMO पनि देखाउनुपर्ने।
७. प्रस्ताव पत्रमा जडान शुल्क र वार्षिक नवीकरण सेवा शुल्क उल्लेख गरेको हुनुपर्ने।

- प्रस्ताव पत्र पेश गर्ने अन्तिम मिति : २०७९।०५।२९ गते ४:०० बजेसम्म।
- प्रस्ताव पत्र दर्ता शुल्क :- रू ५००।- मात्र।

**कर्णबहादुर डाँगी : प्रधानाध्यापक**


## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५





दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस

## हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई

सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240



झट्ट फोन झट्ट सेवा

## साउदी अरबमा रेष्टुरेन्ट वर्करमा अवसर

१. कम्पनी : NATIONAL RESTAURANT COMPANY — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति:२०७९/०५/२१ — चलानी नं.: ६०१८७०१६ — LT. No.: 271388

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| 1. | Ordinary Worker | 35 | 0 | स. काममा दक्ष | 1500 | ५०,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

फाइनल अन्तरवार्ता यही भदौ २९ गते बुधवार (14th Sept 2022) बिर्तामोडमा हुनेछ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालयः- विनायक होटल (छेउ), बिर्तामोड, झापा
Jhapa: 023- 536663, 9826969623, 9808465610, 9817978774, 9814984440
CREATING VALUE THROUGH PEOPLE




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
पती, पत्नीबीच थोरै वादविवाद बढ्न सक्छ, समयमै विचार पुऱ्याउनुहोला, सन्तान पक्षबाट सुख मिल्नेछ, सतर्क रहनुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, कुरा काट्नेहरू बढेर जानेछन्, सजग रहनुहोला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
आजको दिन मिश्रित फलदायी रहेको छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुने देखिएको छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मान प्राप्त हुनेछ, स्वास्थ्य तथा भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
आज तपाईको दिन सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, सतर्क रहनुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
समय शुभ फलदायी रहेको छ, मान प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढ्नेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
विपरीत लिङ्गी साथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ।